# लेकवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश नेपाल
(भौतिक पूर्वाधार शाखा)

## ठेक्का तोड्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

प्रकाशन मिति :- २०८०।०९।१८

तपशिलमा उल्लेखित निर्माण व्यवसायीहरुले यस लेकवेशी नगरपालिकासँग निम्नानुसारको निर्माण कार्य गर्ने सम्झौता बमोजिम तोकिएको समय सिमा भित्र निर्माण कार्य सम्पन्न नगरेको हुँदा यस अघि पटक पटक लिखित पत्र, ईमेल तथा मौखिक निर्देशन मार्फत् आग्रह गर्दा,पनि निर्माण कार्य सुचारु नभएको र निर्माण कार्य संचालंन तथा सम्पन्न गर्न आवश्यक पर्ने बजेट रकम व्यवस्थापन गर्न नसकिएको हुँदा यस लेकवेशी नगरपालिकाको मिति २०८०/०५/१७ को निर्णय नं.६ मा भएको ठेक्का तोड्ने सम्बन्धि निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ४ र खरिद सम्झौताको जनरल कण्डिसन अफ कन्ट्रयाक्ट अन्तर्गतको ७२.५ मा रहेको बुँदा र निर्माण व्यवसायीले पेश गरेको ठेक्का तोड्ने सम्बन्धि निवेदन माग बमोजिम दुवै पक्षलाई थप आर्थिक व्ययभार नपर्नेगरि सुविस्ताका आधारमा भौतिक पूर्वाधार निर्माण सम्बन्धि निर्माण कार्यको ठेक्का सम्झौता रद्द गर्ने प्रकृयामा रहेको हुँदा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । साथै ठेक्का तोड्ने कार्यका लागि सम्बन्धित निर्माण व्यवसायीहरु यस कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालयमा उपस्थित भई समझदारी पत्रमा हस्ताक्षर गर्नुहुन समेत जानकारी गराईन्छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपंत्रदाताको नाम र ठेगाना | सम्झौता मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | 9-NCB/WORKS/LM/1/077-078 | श्री आदर्श मावि भवन निर्माण कार्य लेकवेशी-१ | श्री सप्तकोशी निर्माण सेवा वीरेन्द्रनगर-६, सुर्खेत | २०७७/१२/०३ | |
| २. | NCB/WORKS/LM/3/078-79 | मावि ब्याँवरेको भवन निर्माण कार्य | श्री ज्वाला निर्माण सेवा बर्दिया नेपाल | २०७८/०९/२२ | |
| ३. | NCB/WORKS/LM/007/076-077 | कल्याण हेल्थपोष्ट भवन निर्माण कार्य | श्री एच.वि.पि.कन्स्ट्रक्सन ट्रान्सपोर्ट प्रा.लि. बैजनाथ-६ बाँके | २०७७/०३/२६ | |
| ४. | 3-NCB/WORKS/LM/4/078-079 | मा.वि.चौरासे भवन निर्माण कार्य | श्री ज्वाला निर्माण सेवा बर्दिया नेपाल | २०७८/०९/२२ | |
| ५. | NCB/WORKS/LM/006/076-077 | चन्द्रपुर मा.वि.भवन निर्माण कार्य | श्री एच.वि.पि.कन्स्ट्रक्सन ट्रान्सपोर्ट प्रा.लि. बैजनाथ-६ बाँके | २०७७/०३/२६ | |
| ६. | 9-NCB/WORKS/LM/2/077-078 | नेपाल राष्ट्रिय मा.वि.चुनियापानी भवन निर्माण कार्य | श्री एच.वि.पि.कन्स्ट्रक्सन ट्रान्सपोर्ट प्रा.लि. बैजनाथ-६ बाँके | २०७७/१२/०२ | |
| ७. | 3-NCB/WORKS/LM/2078-79 | मिलडाँडा ढाव गमखोला जोड्ने सडक निर्माण कार्य | श्री ध्रुव निर्माण सेवा | २०७८/०९/२२ | |

२०८०।९।१८

पदम लाल लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner